# निजगढ नगरपालिका कार्यालय

निजगढ,बारा

(बारा)

## सिलवन्दी दररेट आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७३।१०।२१ गते)

यस कार्यालयलाई आ.ब. २०७३।२०७४ मा निम्न कार्यहरु सिलवन्दी दरभाऊ पत्रवाट खरिद गर्नु पर्ने भएकोले निम्नशर्तहरुको अधिनमा रहि रितपुर्वकको नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, व्यवसायीहरुवाट सिलवन्दी दररेट आव्हान गरिन्छ ।

तपसिल

१, प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनभित्र कार्यालय समय भित्र निवेदनसाथ रु १०।- को टिकट टाँस गरी सम्वन्धित कारोवार गर्न प्राप्त भएको इजाजत प्रमाण पत्रको प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रतिलिपी र आ.ब.२०७२।२०७३ को कर चुक्ता पत्र संलग्न राखी यस कार्यालय, निजगढ बारावाट फिर्ता नहुने गरी नगदै रु ३००।- तिनसय मात्र बुझाई दररेट पत्र खरीद गर्न सकिनेछ ।

२, फर्मले सिलवन्दी दररेट पेश गर्दा खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा १५ औं दिनको ४ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका सिलवन्दी दररेट पत्रहरु कार्यालय खुलेको भोलीपल्ट दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दररेट खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३, धरौटी वापतको रकम श्री निजगढ नगरपालिका कार्यालय, निजगढको चल्ती खाता नं. ग३।४०२ रा.बा.बैंक, कलैयामा नगदै दाखिला गरी सिलवन्दी दररेट साथ पेश गर्नुपर्नेछ ।

४, सिलवन्दी दरभाऊपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नू पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५, कार्यालयमा प्राप्त भएको सिलवन्दी दररेटहरु मध्ये सबैभन्दा घटी भएको मालसामानको आईटम वाईज दररेट स्वीकृती गरीनेछ ।

६, सिलवन्दी दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

७, कार्यालयमा प्राप्त भएको मालसामानको विल भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नु पर्ने १.५ प्रतिशत अग्रीम आयकर रकम कट्टीगरी विल वापतको रकम भुक्तानी गरीनेछ । अन्य नेपाल सरकारले तोकेको कर रकम फर्मवाट असुल गर्नु पर्ने भएमा नियमानुसार कट्टी गरी असुल गरिनेछ ।

८, आफुले खरिद गरेको सिलवन्दी दररेट पत्र सम्वन्धित बोलपत्र दातालेनै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी दररेट पत्रलाई मान्यता दिइनेछैन ।

९, माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानिय निकास आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ र प्रचलित ऐन कानुन बमोजिम हूनेछ ।

| दरभाऊ पत्र नम्वर | कामको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| २।२०७३।०७४ | कार्यालय स्टेशनरी तथा मसलन्दहरु र कार्यालय सरसफाई सामाग्री सप्लायर्स | ७,५००।- | |
| ३।२०७३।०७४ | छपाई सम्वन्धि सम्पूर्ण काम | ७,५००।- | |

विमल कुमार पोखरेल

कार्यकारी अधिकृत